# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १३ मितिः २०८३।१।९

## भाग — २

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

## कागेश्वरी मनोहरा नगरपालिका
## राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**ः खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गरी नगरलाइ खेलकुद नगरीको रूपमा विकास गर्ने उद्देश्यलाई मुर्त रूप दिई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र नगर शिक्षा ऐन २०७५ को दफा ४९ ले प्रदान गरेको अधिकार प्रयोग गरी कागेश्वरी मनोहरा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइएको छ ।

### परिच्छेद-१
### प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कागेश्वरी नगरपालिका राष्ट्रपति रनिङ शिल्ड तथा नगरस्तरीय खेलकुद संचालन सम्वन्धी कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट अनुमोदन भएका मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन सम्वन्धी कार्यविधि, २०८० लाई सम्झनुपर्छ ।

(ख) "खेलकुद" भन्नाले निर्देशिका बमोजिम संचालनहुने तथा नगरपालिकाले छनोट गरेको खेलहरू सम्झनु पर्छ ।

(ग)"खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्बद्ध समिति, उप-उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

(घ) "खेलाडी" भन्नाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन सम्वन्धित विद्यालय मार्फत रित पूर्वक दरखास्त पेस गरेका विद्यार्थी खेलाडी भन्ने सम्झनु पर्छ ।

(ङ)"खेलाडी विवरण" भन्नाले प्रतियोगितामा सहभागि हुन रित पूर्वक दर्ता भएका सहभागी वा खेलाडीको विवरण भन्ने सम्झनु पर्छ ।

(च) "टिम वा सहभागी विद्यालय" भन्नाले कार्यविधिमा तोकिए बमोजिम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन दर्ता भएका यस नगर क्षेत्र भित्रका विद्यालयहरू भन्ने सम्झनु पर्छ ।

(छ) "नगरपलिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्छ ।

(ज) “निर्देशिका” भन्नाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० (संसोधनसहित) भन्ने सम्झनु पर्छ ।

(झ) “प्रतियोगिता” भन्नाले राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितालाई सम्झनु पर्छ ।

(ञ) “प्रशिक्षक” भन्नाले सम्वन्धित खेल विधाका लागि आधिकारिक निकायले जारी गरेको खेल प्रशिक्षक लाइसेन्स भएका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेफ्रि समेतलाई जनाउदछ ।

(ट)“प्रशिक्षार्थी” भन्नाले नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, सम्बद्ध सिकारू खेलाडी भन्ने सम्झनु पर्छ ।

(ठ)“राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता” भन्नाले चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत १८ बर्ष भन्दा मुनीका छात्र/छात्रा बीच आ-आफ्नो समूहमा हुने प्रतियोगितालाई सम्झनु पर्छ ।

(ड)“समिति” भन्नाले कार्यविधिको दफा ५ अनुसार गठित नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति भन्ने सम्झनु पर्छ ।

(ढ)“समूह खेल” भन्नाले प्रतियोगितामा दुई वा दुई भन्दा बढि खेलाडी सहभागी भई खेलिने भलिवल, कबड्डी, रिले दौड जस्ता खेललाई सम्झनु पर्छ ।

(ण) “संयोजक” भन्नाले कार्यविधिको दफा ५ अनुसार गठित नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको संयोजक भन्ने सम्झनु पर्छ ।

## परिच्छेद- २

## नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता उदेश्यहरू

३. <u>उद्देश्यहरूः</u> (१) नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका उदेश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) नगरको कला संस्कृति र प्रतिष्ठा बृद्धिमा खेलकुदको माध्यमबाट सहयोग पुर्याउने,

(ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बिच समन्वय गरी खेलविकास गर्न सहयोग गर्ने,

(ग)स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई, देशभक्त, स्वभिमानी, समाजप्रति उत्तरदायी, अनुशाशित, परिश्रमी, नैतिकवान, जागरूक परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

(घ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरूलाई समेत शारीरिक ब्यायाम खेलकुद ब्यवस्था गर्न सहयोग पुर्याउने,

(ङ)नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

(च) नगरमा संचालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित र नियमन गर्ने ।

(छ) विभिन्न निकायहरूबाट आयोजना हुने विभिन्न विद्याका प्रतियोगिताहरूमा यस नगरपालिका भित्रका खेलाडीहरूलाई सहभागी हुन पठाउने ।

## परिच्छेद-३

## व्यवस्थापन तथा निर्देशन समिति गठन र वैठक सम्वन्धी व्यवस्था

४. <u>व्यवस्थापन तथा निर्देशन समिति गठन तथा वैठक सम्वन्धी व्यवस्थाः</u> (१) नगर कार्यपालिकाले नगरको आवश्यकता र औचित्यताका आधारमा देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गर्नेछ ।

क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - संयोजक

ख) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका वा नगर सभा सदस्य मध्येवाट ३ जना - सदस्य

ग) नगरपालिकाका आर्थिक प्रशासन शाखाको शाखा प्रमुख- सदस्य

घ) संयोजकले तोकेको स्रोत शिक्षक १ जना — सदस्य

ङ) जिल्ला खेलकुद विकास समितिका प्रतिनिधि १ जना — सदस्य

च) नगरपालिका भित्र रहेका प्रहरी चौकी वा प्रहरी प्रभागका प्रमुख १ जना — सदस्य

छ) स्थानीय तहमा बसोबास गर्ने खेलाडीहरूमध्येवाट नगरकार्यपालिकाले तोकेको १ जना — सदस्य

ज) खेल संघका प्रतिनिधिहरू मध्येवाट नगरकार्यपालिकाले तोकेको १ जना — सदस्य

झ) प्रतियोगिता संचालन हुने विद्यालय रहेको वडाको वडाअध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना— सदस्य

ञ) प्रतियोगिता संचालन हुने विद्यालयको प्रधानाध्यापक १ जना — सदस्य

ट) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत - सदस्य-सचिव

(२) माथि उपदफा (१) को खण्ड (झ) र (ञ) मा जुन सुकै व्यहोरा उल्लेख भएतापनि प्रतियोगिता कार्यक्रम सञ्चालन हुने स्थान एक भन्दा बढी भएमा नगर कार्यपालिकाले एक/एक जनालाई सदस्य तोक्न सक्नेछ ।

(३) नगर स्तरीय समितिका पदधिकारीहरूको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । पदावधि समास भएपश्चात नगरकार्यपालिकाबाट पुनर्नियुक्ति हुन सक्नेछ ।

(४) नगर स्तरीय राष्टपति रनिङ्शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ र समितिको वैठकमा प्रतियोगिता संचालनमा खटिने प्रशिक्षक, सहायक प्रशिक्षक ,रेफ्रि ,स्वास्थ्यकर्मी एवम् अफिसियल कर्मचारीहरूलाई आवश्यकतानुसार आमन्त्रण गरी बैठकमा सहभागी गराउन सकिनेछ ।

(५) नगरस्तरीय राष्टपति रनिङ्शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिका बैठकमा उपस्थित पदाधिकारी एवम् आमन्त्रित प्रशिक्षक, सहायक प्रशिक्षक, रेफ्रि, स्वास्थ्यकर्मी एवम् अफिसियल कर्मचारीहरूलाई बैठक भत्ता उपलब्ध गराउन सक्नेछ ।

(६) समितिको बैठकमा उपस्थित समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरू सबैलाई प्रति बैठक रू १५००।- का दरले नियमानुसार करकट्टा गरी बैठक भत्ता उपलब्ध गराईनेछ ।

५. **<u>काम, कर्तव्य र अधिकारः</u>** (१) नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा अनुगमन गर्ने,

(ख) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनका लागि लागत अनुमान तयार गरी नगरपालिकामा पेस गर्ने,

(ग) नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधारको विकास र व्यवस्था गर्ने,

(घ) नगरपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्न केन्द्रबाट निर्धारित तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने,

(ङ)नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने,

(च) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा जिल्ला खेलकुद विकास समितिसँग आवश्यक समन्वय गर्ने,

(छ) समितिको बैठक सम्बन्धी कार्यविधि तयार गर्ने,

(ज) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने,

(झ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि नगरपालिकामा विनियोजित रकमलाई प्रचलित कानून बमोजिम अधिकतम रूपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने,

(ञ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक स्रोत जुटाउन पहल गर्ने,

(ट)प्रतियोगिता सम्बन्धी उत्पन्न विवादको समाधान गर्ने,

(ठ)प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार लगायतका उपसमितिहरू गठन गर्ने ।

(२) समितिका संयोजकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैठकमा आमन्त्रण गर्नु पर्ने प्रशिक्षक, सहायक प्रशिक्षक, रेफ्रि, एवम् अफिसियल कर्मचारीहरूको नामावली उपलब्ध गराउने

(ख) प्रतियोगिता संचालनका लागि आवश्यक सामग्री जुटाउने वा जुटाउन निर्देशन दिने ।

(३) समितिका सदस्य सचिवको काम, कर्तब्य र अधिकार देहाए बमोजिम हुनेछः

(क) संयोजकको तोके बमोजिम वैठकको पत्रचार गर्ने ।

(ख) संयोजकले उपलब्ध गराएको प्रशिक्षक, सहायक प्रशिक्षक, रेफ्रि, एवम् अफिसियल कर्मचारीहरूको रोष्टर तयार गर्ने ।

(ग) अभिलेख व्यवस्थापन गर्ने ।

(घ) बैठक निर्णय पुस्तिका समेतका कागजात सुरक्षा गर्ने ।

(ङ) संयोजकको निर्देशन अनुसार आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(च) वैठक माइन्युटिङ उठाउने र वैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

## परिच्छेद- ४

## प्रतियोगिता सञ्चालन प्रक्रिया

६.**प्रतियोगिता सञ्चालन प्रक्रियाः** (१) नगरस्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची -१ बमोजिमको दरखास्त फाराम खेलाडी विद्याथीबाट भराई तोकिएको समयमा शिक्षा तथा खेलकुद शाखामा उपलव्ध गराउनु पर्नेछ |

(२) नगरस्तरीय प्रतियोगितामा आफ्नो प्रतिष्पर्धि विद्यालयका खेलाडीको तोकिएको मापदण्ड पुरा नगरेको ठानी कुनै खेलाडी विद्यार्थी वा विद्यालयले उजुरी गर्न चाहेमा अनुसूची-२ बमोजिमको ढाँचामा रू २००० दस्तुर सहित निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी प्राप्त भएमा समितिले उपलब्ध प्रमाणका आधारमा छानविन सत्यापान गर्दा उजुरीको माग दावि सही ठहरेमा सम्वन्धित उजुरीकर्तालाई निवेदन दस्तुर फिर्ता गर्नुपर्नेछ तर दावि नपुगेमा निवेदन दस्तुर नगरपालिकाको राजश्व खातामा जम्मा गरिनेछ ।

(४) विजयी खेलाडीलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा र नगरस्तरीय प्रतियोगिताका विजयी विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा निर्देशिका बमोजिम हुनेछ ।

(५) नगरस्तरीय प्रतियोगितामा संलग्न गरिने खेल तथा इभेन्ट्सहरू निर्देशिका बमोजिम हुनेछ । तर नगरपालिकाको निर्णय अनुसार अप्रतियोगि ऐच्छिक खेल विधाहरू थप गर्न सक्नेछ ।

(६) समितिले  नगरस्तरीय प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा १५ दिन अगावै विद्यालयहरूलाई उपलव्ध गराउनुपर्नेछ ।

(७) समितिले नगरस्तरीय प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन निर्देशिका बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(८) नगरस्तरीय प्रतियोगितामा सहभागी हुन आउँदा प्रत्येक विद्यालयबाट टिम इभेन्ट्सहरुमा एक एक टिम र अन्य इभेन्ट्समा बढीमा एक एक जना खेलाडीहरूलाई सहभागी गराउन सकिनेछ । एथ्लेटिक्स तर्फका इभेन्ट्समा प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्याक इभेन्टमा भाग लिन पाउनेछन् ।

(९) प्रत्येक विद्यालयले भलिबल र कबड्डी खेलतर्फ बढीमा दश दश जनासम्म छात्र छात्राहरू पठाउन सक्नेछन् तर जिल्लास्तरमा खेलाडी पठाउदा निर्देशिकाले तोके बमोजिमको सङ्ख्यामा खेलाडी पठाइनेछ ।

(१०) मार्सल आर्ट खेलको हकमा समितिले प्रतियोगिता आयोजना गरी खेलाडीहरुको सिफारिस गर्नेछ । तर खेलाडीहरुको उपलब्धता तथा खेलको प्रकृति अनुसार प्रतिस्पधा गराउन कम्तिमा ४ विद्यालयको सहभागिता नभएमा तौल समूह अनुसारका खेलाडीलाई छनौट गरी जिल्लाको प्रतिस्पर्धामा सहभागिताका लागि पठाउन सक्नेछ |

(११) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा उल्लेख भएता पनि समितिले नगरस्तरीय खेल प्रतियोगिता सञ्चालन शुरूहुने दिन प्रति विद्यालय कम्तिमा ३० जना विद्यार्थीहरूले मार्चपासमा सहभागी हुन सक्ने व्यवस्था गर्ने गरी पूर्व सूचना गर्न सक्नेछ ।

(१२) समितिले सम्वन्धित विद्यालय र विधागत प्रशिक्षकका रोहबरमा प्रतियोगिता सञ्चालन हुने खेल, इभेन्ट्सको टाइसिट तयार गर्ने छ ।

७.**<u>पारिश्रमिकः</u>** (१) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने प्रशिक्षक, रेफ्री, अफिसियल तथा स्वयम् सेवकहरूलाई समितिले देहाय बमोजिमको पारिश्रमिक रकममा नियमानुसार करकट्टा गरी उपलब्ध गराउनेछः

(क) **<u>प्रशिक्षक वा रेफ्री भत्ताः</u>** प्रतियोगिता सञ्चालन गर्न समितिले बोलाएको बैठकमा उपस्थित रेफ्रि प्रशिक्षकलाई बैठक भत्ता वापत दैनिक रू १५०० का दरले बैठक भत्ता र प्रतियोगिता सञ्चालन हुने दिनका लागि प्रशिक्षक रेफ्रि गरे वापत राष्ट्रियस्तरको प्रशिक्षक रेफ्रि लाईसेन्स भएकालाई प्रति

दिनका लागि रू ५०० का दरले र अन्तराष्ट्रिय लाईसेन्स लिएकालाई प्रति दिनका लागि रू ६०० भत्ता उपलब्ध गराईनेछ ।

तर समितिको बैठकमा उपस्थित नभएका वा बैठक भत्ता नलिएका प्रशिक्षक,रेफ्रि,स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एवम् अफिसियल कर्मचारीले प्रतियोगिता सञ्चालन भएका दिन प्रतियोगिता स्थलमा खटी सहयोग गरेमा प्रतिदिन रू १५०० का दरले भत्ता रकम उपलब्ध गराईनेछ ।

(ख) **<u>स्वयम् सेवक खर्च :</u>** प्रतियोगिता संचालन गर्दा पानी, खाजा, खेल सामग्री र खेल संचालनमा सहयोग गर्नको लागि खेल प्रकृति र आवश्कताका आधारमा नियुक्त हुने प्रशिक्षकहरूलाई एकमुष्ट प्रतिदिन प्रति व्यक्ति रू ६०० का दरले भत्ता उपलव्ध गराईने छ ।

(ग) समितिको अनुरोधमा प्रतियोगिता स्थलमा खटीने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अफिसियल कर्मचारीहरूलाई समितिको बैठकमा उपस्थित भएमा नियमानुसार बैठक भत्ता वा प्रतियोगितास्थलमा खटिएका दिनका लागि प्रतिदिन रू.१५००।- का दरले भत्ता रकम उपलब्ध गराईने छ ।

(घ) समितिले जिल्ला स्तरीय खेलमा सहभागी हुने खेलाडी तथा प्रशिक्षकलाई खेलको प्रकृति अनुसार पोशाक उपलब्ध गराउन नगरकार्यपालिकामा अनुरोध गर्न सक्नेछ ।

(ङ) **<u>मार्चपास मुल्याङ्कन कर्ता</u> :** अन्यत्र जुनसुकै व्यहोरा उल्लेख भएता पनि समितिले मार्चपासमा सहभागी विद्यालयको मूल्याङ्कन गर्ने प्रयोजनका लागि नेपाली सेना वा सुरक्षा निकायलाई मूल्याङ्कनकर्ता खटाइदिन अनुरोध गर्न सक्नेछ । समितिले सुरक्षा निकायबाट खटिने मार्चपास मूल्याङ्कनकर्ता तीन जनालाई जनही रू.२५००। पारिश्रमिक र खाना खाजाको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) अनुसार समितिको बैठकमा वा खेल प्रतियोगिता सञ्चालन स्थलमा खटिने रेफ्रि प्रशिक्षक स्वास्थ्यकर्मी सुरक्षाकर्मी अफिसियल कर्मचारीसमेतलाई खेलस्थलमा खटिएका दिन खाजा खर्च वापत रू २०० उपलब्ध गराइनेछ । साथै खेलस्थलमा ५ घण्टा भन्दा बढी समय खटिने रेफ्रि प्रशिक्षक स्वास्थ्यकर्मी सुरक्षाकर्मी अफिसियल कर्मचारीलाई खाना वापत रू ३०० समेत थप गरी प्रति दिन खाना खाजा वापत जम्मा रू ५०० उपलब्ध गराईनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि आवश्यक प्रशिक्षक रेफ्रि अफिसियल समेतको सूची सहितको विस्तृत लागत अनुमान समितिले तयार गरी नगरपालिकाको स्वीकृतिका लागि पेस गर्नुपर्नेछ । यस्तो सूची तयार गर्दा नगरपालिकाको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम तर्फ स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटका आधारमा तय गर्नु पर्नेछ ।

## परिच्छेद-५

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

८. **<u>खेलकुद खेलकुद गोष्ठी, सभा</u>**ः (१) नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित रूपमा संचालन गर्न समितिले देहायबमोजिम गोष्ठी र सम्मेलन गर्न सक्नेछ :-

(क) खेलकुद संचालन तथा व्यवस्थापनका स्थानीयस्तरमा सबै विद्यालयहरूको सहभागिता हुने गरी सभा, सम्मेलन गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

(ख) राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरूमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(ग)नगरपालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब संघ संस्थाका प्रतिनिधिहरूको बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद-६
## तालिम प्रशिक्षण तथा परामर्श

९. **तालिम तथा प्रशिक्षण**ः(१) जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनोट भएका सहभागीहरूलाइ थप तालिम तथा परामर्श प्रदान गर्न आवश्यक परेमा देहायबमोजिम तालिम तथा परामर्श प्रदान गर्न सकिनेछ ।

(२) समितिले खेलाडिको स्तरबृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम र प्रशिक्षण आयोजना गर्न वा कुनै संस्थालाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले कुनै संघ संस्थाको सहयोगमा प्रशिक्षक आयोजना गर्दा नगरपालिकालाई थप आर्थिक दायित्व पर्ने भएमा नगर कार्यपालिकाको स्वीकृति लिएर मात्र गर्न सक्नेछ ।

## परिच्छेद-७
## खेल व्यवस्थापन समितिको व्यवस्था

१०.**खेल व्यवस्थापन समितिः** (१) नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरी दक्ष अनुशासित खेलाडी तयार गर्ने र तोकिए बमोजम खेल संचालन गर्ने कार्यमा सम्बन्बिधत खेल प्रशिक्षकहरूलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल व्यवस्थापन समिति गठन गर्न सकिने छ ।

(क) समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षका रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ ।

(ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

(ग) प्रचलित कानून, नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ ।

(घ) समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि कार्य तालिका बनाउनु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम गठित विषयगत खेल प्रशिक्षण समिति गठन गर्नु पूर्व नगरकार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिम गठित विषयगत खेल प्रशिक्षण समिति गठन गर्नु पूर्व त्यस्ता समितिका लागि उपलब्ध गराउने सुविधासमेतका विविध विषय सहितको कार्यक्रम नगरकार्यपालिकाबाट स्वीकृत गराई सो अनुसार गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद-८
## अनुशासनको कारवाही, दण्ड, सजाय नतिजा प्रकाशन र पुरस्कार

११.**<u>अनुशासनको कारवाही :</u>** (१) खेलाडी, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता पालना गर्ने खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तीन पटक भन्दा बढी चेतावनी पाईसकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी,व्यवस्थापकलाई समितिले नगरस्तरीय कुनै पनि खेलकुद प्रतियोगिता प्रशिक्षण व्यवस्थापनमा सहभागी हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ ।

(२ ) अनुशासन समितिः अनुशासनको कारवाही सम्बन्धमा आवश्यक निर्णय गर्न समितिको संयोजक, सम्बन्धित खेलको प्रशिक्षक र सम्बन्धित विद्यालयका प्रतिनिधि रहने गरी पाँच सदस्यि समिति गठन हुनेछ ।

१२.**<u>नतिजा प्रकाशनः</u>** (१) नगरपालिकास्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा मूल्याङ्कनका लागि कम्तिमा दुई विधामा सहभागि भएको विद्यालय हुनु पर्नेछ ।

(२) नगरपालिकास्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा कुनै इभेन्ट्समा कम्तिमा चार विद्यालयका खेलाडी सहभागी भएमा मात्र प्रतियोगिताको अन्तिम मूल्याङ्कनमा सहभागी गराइनेछ ।

(३) उपदफा (२) बमोजिम चार विद्यालयका खेलाडी सहभागी नभएतापनि जिल्लास्तरीय प्रतियोगितामा खेलाडी सहभागी गराउने प्रयोजनका लागि मात्र छनोट प्रकृया सञ्चालन गर्न सकिने छ तर त्यसरी छनोट हुने खेलाडी विद्यार्थी लाई पुरस्कार वा सम्मान प्रदान गरिनेछैन र सो खेल वापत सम्वन्धित विद्यालयलाई समेत अङ्क प्रदान गरिने छैन ।

(४) प्रतियोगितामा सहभागी विद्यालयहरूले प्राप्त गरेको पदकका आधारमा मूल्याङ्कन गर्दा प्रत्येक इभेन्ट्स, विधालाई एक एक पदकका रूपमा गणना गरी देहाय बमोजिम स्थान प्रदान गरिनेछ ।

(क) जुन विद्यालयले बढी स्वर्ण पदक हासिल गरेको छ सो विद्यालयले प्रथम स्थान प्राप्त गर्ने छ,

(ख) जुन विद्यालयले दोस्रो बढी स्वर्ण पदक हासिल गरेको छ सो विद्यालय द्वितीय स्थान प्राप्त गर्ने छ,

(ग) जुन विद्यालयले तेस्रो बढी स्वर्ण पदक हासिल गरेको छ सो विद्यालय तृतीय स्थान प्राप्त गर्ने छ,

तर स्वर्ण पदक बराबर भएमा देहाय बमोजिम स्थान निर्धारण गरिनेछः

(क) बराबर स्वर्ण पदक हासिल गरेका विद्यालयहरूमध्ये समूह खेलमा जुन विद्यालयले बढी स्वर्ण पदक हासिल गरेको छ सो विद्यालय अग्र स्थान प्रदान गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम समूह खेलमा पनि बरारबर स्वर्ण पदक हासिल गरेमा सोमध्ये जुन विद्यालयले बढी रजत पदक प्राप्त गरेको छ सो विद्यालयलाई अग्र स्थान प्रदान गरिनेछ ।

(ग) खण्ड (ख) बमोजिम रजत पदक पनि बरारबर हासिल गरेमा सोमध्ये जुन विद्यालयले बढी काश्य पदक प्राप्त गरेको छ सो विद्यालयलाई अग्र स्थान प्रदान गरिनेछ ।

(घ) खण्ड (ग) बमोजिम काश्य पदक पनि बरारबर हासिल गरेमा सोमध्ये जुन विद्यालयका छात्रा तर्फको विधामा बढी स्वर्ण पदक प्राप्त गरेको छ सो विद्यालयलाई अग्र स्थान प्रदान गरिनेछ ।

(५) माथि उपदफा (४) अनुसार सहभागी विद्यालयहरूले प्रत्येक इभेन्ट्समा प्राप्त गरेको स्वर्ण पदकलाई ३ अङ्क रजत पदकलाई २ अङ्क र काश्य पदकलाई १ अङ्कका दरले प्रदान गरी विद्यालयगत रूपमा प्राप्त पदक तथा अङ्क तालिका समितिले प्रकाशन गर्ने छ ।

१३. **<u>पुरस्कार तथा सम्मानः</u>** (१) नगरपालिकाको स्वीकृत विनियोजन रकमका आधारमा प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने खेलाडीहरूलाई समितिले सम्मान एवम् पुरस्कृत गर्नेछ ।

(२) दफा (१२) बमोजिम प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने विद्यालयलाई समितिले देहाय बमोजिम सम्मान एवम् पुरस्कृत गर्नेछ :-

(क) प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने विद्यालयलाई रनिङ शिल्ड, प्रमाणपत्र, मेडल र रू.५००००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(ख) प्रतियोगितामा द्वीतीय स्थान हासिल गर्ने विद्यालयलाई शिल्ड, प्रमाणपत्र, मेडल र रू.३००००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(ग) प्रतियोगितामा तृतीय स्थान हासिल गर्ने विद्यालयलाई शिल्ड, प्रमाणपत्र, मेडल र रू.२००००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(३) मार्चपासमा सहभागि विद्यालयहरूमध्ये प्रथम, द्वितीय, तृतीय र सान्त्वनास्थान हासिल गर्ने विद्यालयलाई समितिले देहाय बमोजिम सम्मान एवम् पुरस्कृत गर्नेछ :-

(क) प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र रू.१००००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(ख) प्रतियोगितामा द्वीतीय स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र रू.८०००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(ग) प्रतियोगितामा तृतीय स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र रू.६०००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

(घ) प्रतियोगितामा सान्त्वना स्थान हासिल गर्ने विद्यालयलाई प्रमाणपत्र र रू.४०००।- नगद पुरस्कार प्रदान गर्नेछ ।

## परिच्छेद-९

## विविध

१४.समितिले प्रतियोगिता संचालन गर्दा आवश्क पर्ने सेवाहरूको विस्तृत लागत अनुमान तयार गरी नगरपालिकाबाट स्रोत सहित कार्यक्रम स्वीकृत भए पछी कार्यक्रम सञ्चालन गर्नेछ ।

१५. दफा १३ बमोजिम स्वीकृत लागत अनुमानका आधारमा कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम मञ्च व्यवस्थापन, प्रतक्ष्य प्रसारण, खेल संचालन, खेलकुद सामग्री खरीद र खाजा व्यवस्थापन जस्ता विषयहरूमा समितिका संयोजकले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१६.दफा १४ अनुसार समितिका संयोजकले आवश्यक व्यवस्था मिलाएकोमा सो सम्वन्धि आवश्यक कागजात समितिका संयोजकले प्रमाणित गरी नगरपालिकामा पेस गर्नु पर्नेछ । समितिका संयोजकले प्रमाणित गरी पेस गरेका कागज प्रमाण एवम् स्वीकृत लागत अनुमानसमेतका आधारमा आर्थिक प्रशासन शाखाले रित पूर्वक भुक्तानी दिनु पर्नेछ ।

१७. निर्देशिका बमोजिम दर्ता हुने टिम वा सहभागी संस्थागत विद्यालयले समितिले तोकेको दर्ता शुल्क बुझाई नाम दर्ता गर्नु पर्नेछ ।

१८. यस कार्यविधिमा उल्लिखित विषयमा यसै बमोजिम हुनेछ तर यस कार्यविधिमा उल्लिखित विषय कार्यान्वयनमा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको निर्णयले त्यस्तो बाधा फुकाउ गर्न सक्नेछ । यस कार्यविधिले नसमेटेका अन्य विषयमा निर्देशिका बमोजिम हुनेछ ।

अनुसूची १

**कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं**

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०...**

# प्रतियोगितामा सहभागी फारम

फोटो

१. सहभागी विद्यार्थीको नामः लिङगः

२. विद्यालयको नाम र ठेगाना**:**

३. फोन नं. :

४. अध्ययनरत कक्षाः **रोल्नं**

५. IEMIS Regd. ID:

६. जन्म मिति :

७. सहभागी हुने खेलः

८. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने,

| **विद्यालयबाट छनौट भएमा** | **स्थानीय तहबाट छनौट भएमा** | **जिल्लाबाट छनौट भएमा** | **प्रदेशबाट छनौट भएमा** |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुख |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोवाइल नं.: | मोवाइल नं.: | मोवाइल नं.: | मोवाइल नं.: |
| विद्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छाप : | कार्यालयको छाप : |

नोटः खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

अनुसूची २

**कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं**

श्री संयोजकज्यू
नगरस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समिति
कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ ।

विषयः उजुरी सम्वन्धमा ।

प्रस्तुत विषयमा तहाँ समितिले मितिः ——————.. मा ——————. 'खेल/इभेन्ट सञ्चालनको क्रममा उक्त खेल/इभेन्टको निर्णयमा तपसिल बमोजिमका विषय/बुँदामा चित्त नबझेकोले उक्त निर्णयमाथि आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गरिदिनु हुन नगद रू २०००। निवेदन दस्तुर सहित अनुरोध छ ।

तपसिल

…………..
…………….
……………..
……………..

निवेदक

खेलाडीको नाम थर
विद्यालयको नाम ठेगानाः

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।९।४
प्रमाणिकरण मितिः २०८०।९।४